# बिउ छर्नेको कथा (बाल नाटक)

(३ देखि १२ वर्ष)

(नेरेटर) साना भाई बहिनीहरु, तिमीहरुलाई थाहा छ परमेस्वरको बचनले हामीहरुलाई परिवर्तन गर्न सक्दछ भन्ने। त्यो कसरी हुन्छ त? ल सबै अऊ र (सुनौं) हेरु ।

जब येशु समुन्द्रको किनारमा अएर बस्नुभयो, त्यहाँ धेरै भीड अएर उभिए, अनि त्यसपछि येशुले एउटा यस्तो कथा मानिसहरुलाई भन्नुभयो । एक जना किसान थिए । अनि त्यस पछि ....।

(संगीत)......

(किसान) एक दिन म आफ्नो बारिमा बिउ छर्न गऐं, बिउ छरेर म त्यसलाई उमार्न चहान्थे । र त्यसबाट म धेरै अन्न उर्मान चहान्थे । जब म बिउ छर्दै थिएँ केही बिउहरु बाटोमा परे, अनि त्यो बाटो चाँहि धेरै साह्रो र कडा थियो । त्यसैले मेरा बिउहरु बाटोको माथी नै परिरहे ।

(बिउ १ दुखाईको स्वरमा ) अईया, मलाई साहयता गर्नुहोस् । म साह्रो माटोमा बज्रे । मलाई, यता पनि बेस्सरी दुःखी रहेको छ । म त यहाँ उम्रीन नै सक्दिंन । आ.. होईन चराहरु पनि म तिर आई रहेका छन्, मलाई खानलाई । मलाई मद्दत गर्नुहोस् ।

(चरा १ ठुलो स्वरमा) हो..., मैले केही बिउहरु बाटोको माथी देखें । म ती बिउहरु एकै गाँसमा सजीलै निल्न सक्छु । म अब तुरुन्तै नै त्यसलाई खान तल गै रहेको छु ।

(किसान) त्यहीँ बेला मेरो आखाँकै सामुन्ने चराहरु आए अनि तिनीहरुले मेरा बिउहरु एक एक गरि अचानक झम्टिएर खाईदिए । यो कुराले म साह्रै दुःखीत भए । त्यस पछि, केही बिउहरु चाँहि ढुङ्गे माटोमा पर्‍यो । तिमीहरु बिचार गर्नसक्छौ की ती बिउहरुलाई के भो भनेर? हो ती बिउहरु उम्रन त उम्रे तर ढुङ्गा धेरै भएकोले गर्दा ती थोरै समयका लागी मात्रै बाँचे ।

(बिउ २ दुखी थाकेको स्वरमा) आ... मेरो जराहरु धेरै छोटा छन् । यी ढुङ्गाहरुले मेरो जराहरु फिजाउनै दिदैन । म धेरै तिर्खाएको र थाकेको छु, । अब म अरु धेरै पातहरु र हाँगाहरु फिजाउन सक्दिंन । गर्मीले त झन मलाई हैरान बनाएको छ । यो चर्को घामले गर्दा त म जलेर मर्नै लागी सकें ।

(घाम १) हा....हा...हा..., हे, साना साना बिउहरु हो, म तिमीहरुलाई उम्रने मौकै दिनेछैन । म तिमीहरु लाई जरासम्मै सुकाई दिन्छु । हा...हा...हा....।

(किसान) केही समय पछि ती सबै बिउहरु उम्रे तर तिनीहरु सबै बिस्तारै मरे । अनि मेरो हृदय साह्रै दुःखी भयो । जसरी म अझै निरन्तर बिउ छर्दै थिएँ, धेरै बिउहरु मध्येमा कुनै कुनै बिउहरु काँडा र झारहरुको बिचमा परे ।

(बिउ ३ अन कनाहत स्वरमा) म यहाँ, छिट्टो उम्रीन र बढ्न यत्ति धेरै कोशिस गर्दैछु । तर यी काँडा र झारहरुले मलाई थिची रहेको छ । यिनीहरुले मलाई बढ्नै दिदैंन । खाली मलाई घोची राख्छ । म निस्सासिएर बसेको छु ...ऊँ...ऊँ...ऊँ । अनि अनि मेरो खाने कुराहरु र सबै पानी पनि यिनीहरुले नै खाइदिसके । कस्तो नराम्रो यी काँडा र झारीहरु । एफू..., अब म के गरु होला ।

(काँडा र झारहरु १) हा....हा...हा, हाम्रो सबै योजनाहरु सफल भै रहेका छन्, साथी हो । (काँडाहरु २).... हो..हो, । यी बिरुहरुलाई बढ्न नदिने हाम्रो झेल ठिक भै रहेको छ । हा...हा...हा॥ यीनीहरुलाई यहाँबाटै हटाउनु पर्छ । (काँडा र झारहरु ३) ठिक हो साथीहरु)यी साना बिउहरु हामी जस्तासंग हुर्किन सुहाउँदैन ।

(किसान) यो घटना त्यती लामो भएको थिएन जब मेरा बहूमुल्य बिउहरुलाई ती भयंकार ठुला घिनलाग्दो काँडा र झारहरुले घाँटी निमोठेर मारिदिए । अनि त्यो देखेर मेरो हृदय साह्रै दुख्यो । मलाई एकदमै नराम्रो लाग्यो ।

(खुशीको संगीत)

तर खुशीको कुरा । मेरा केही बिउहरु चाँहि धेरै असल माटोमा परे । ती बिउहरु तुरुन्तै नै माटो भित्र गाडि हाले, त्यसैले चराहरु आएर तिनीहरुलाई खान पाएनन् । त्यहाँ कुनै ढुङ्गा अनि काँडा र भयंकार डर लाग्दा झारहरु थिएनन् ।

(बिउ४) ओहो..... यो त सबै भन्दा असल र राम्रो माटो पो रहेछ । म कत्ति खुशी छु यहाँ उम्रीन पाएकोमा । यो धेरै नरम अनि मलाई हुर्किन पनि सजिलो रहेछ यहाँ त । मेरा पातहरु अहिलेनै हरिया राम्रा र ठुला भइसकेका छन् । म कत्ति सुन्दर देखिन्छु । अनि हेर म कति छिट्टो छिट्टो बढिरहेको पनि छु । (अलिक सोचेर) अँ, उसो भए मेरो बिचारमा, म धेरै अन्न उब्जाउँनेछु । ओहो म त हृदयदेखी नै धन्यवादी छु की, मेरो किसानले मलाई यो मलिलो माटोमा छर्नुभयो ।

(किसान) जब मैले ती मलिलो माटोमा परेका बिउहरु उम्रेको देखे, म असाध्यै खुशी र हर्षित भए । मेरो हृदय धेरै रमायो ।

(नेरेटर) साना भाई बहिनीहरु तिमीहरुलाई यो कथा मन पऱ्यो त? ल आओ अब हामी यसको बारेमा केही कुराकानी गरौं । अनि तिमीहरु कसैको केही प्रश्न छ की?

(बालक १) मेरो छ । बिउहरु चाँहि के हो ?

(नेरेटर) ती बिउहरु चाँहि परमेश्वरको बचन हो जुन असल सु समाचारहरु हुन । जसमा हामीलाई परिर्वतन गर्नसक्ने शक्ति छ ।

(बालक २) उसो भए चराको अर्थ केहो त?

(नेरेटर) येशु भन्नु हुन्छ, चरा चै शैतान जस्तै हो । जसले परमेश्वरको बचन चेरेर लान्छ । जति बेला हामीले उहाँको बचन सुन्छौं,त्यसले हामीलाई त्यो बचन सुन्न दिदैंन । यदि शैतानले परमेश्वरको बचनमा हस्तक्षप गर्छ भने उहाँको बचन तिम्रो हृदय भित्रसम्म पुग्न सक्दैन ।

(बालक ३) अब्बै यो त कस्तो डर लाग्दो पो रहेछ । अनि त्यो बिउहरुलाई उम्रन पनि मौका हुदैंन ।

(बालक ४) अनि त्यो बिउहरुलाई चै के भो नी, जुनहरु ढुङ्गामा परे ? तिनीहरु कसरी आउँछ (बढ्छ) त ?

(नेरेटर) अं...ह..., के हुन्छ, यदी बढ्ने बिरुवालाई राम्रो माटो भएन भने? जसरी जराले बिरुवालाई खाना र पानी दिदंछ । त्यसतै तिमीहरु पनि खाना र पानी बिना कति समयसम्म बाँच्न सकिन्छ त ? लामो

समयसम्म त हुन्न होला । अझै अर्को कुराहरु चाँहि त्यसमाथी पनि चर्को घाम लागेको छ भने, ती जरा नभएका बिरुवाहरु बाँच्नै सक्दैन ।

(बालक ५) त्यसो भए ती ढुङ्गाहरुले बिरुवाको जराहरु बढ्न दिदैंन हो ?

(नेरेटर) हो...., तिनीहरु चाँही हाम्रो जीवनकोलागी बाधाहरु झै हुन । जसले परमेश्वरको बचनलाई तिम्रो जीवनमा काम गर्न र परिवर्तन गर्नलाई बाधा पुऱ्याउँछ ।

(बालक ६) अनि त्यो काँडा र झारिहरु पनि नराम्रो हो ?

(नेरेटर) हो नी, त्यो त चोरेर लैजाने चोर जस्तै हो । जसले तिमीलाई निमोठेर लान्छ जस्तैः तिमीहरु का सबै चिन्ता, फिक्री, सबै समस्याहरु, स्कुलको समस्या, साथीहरुको कुरा, पैसाको अभाव, अनि अफ्नो दाई भाई र दिदी बहिनीसंगको झगडाहरु, यदी तिमीहरुमा यी कुराहरु तिमीहरुको जीवनमा ल्याउन दियो भने, त्यसले नै तिमीहरुलाई त्यो बिउहरु जस्तै बढ्न र हुर्किन दिदैंन । त्यो चोरले निमोठेर लगेको जस्तै नै हो ।

(बालक ६) अनि त्यो असल माटोमा परेक बिउ चाँही के हो नी ? त्यसको अर्थ के हो ?

(नेरेटर) जब कोही मानिसले परमेश्वरको बचन सुन्छ र बझ्छ अनि त्यसलाई अफ्नो जीवनमा काम गर्न दिन्छ भने त्यसले उसको जीवनमा परिवर्तन ल्याउँछ । जो एउटा राम्रो माटोमा परेको बिउ जस्तै हो । अनि त्यो मानिसमा भएको परमेश्वरको प्रतिरुप अरुले पनि देख्न थाल्दछ ।
यो एकदमै असल र सुन्दर कुरा हो । जसरी एउटा बिउ राम्रो मलिलो माटोमा उम्रेको बिरुवा जस्तै हो । अनि त्यो मानिस अरु मनिसहरुको बिचमा परमेश्वरको रुपमा प्रतिबिम्बीत हुन्छ । जुन अत्तिनै सुन्दर देखिन्छ । जसरी एउटा बिरुवा उम्रेर त्यसले असल फल दिदंछ त्यस्तै नै हो ।

(बलकहरु १,२,३) ए ,ओहो, राम्रो, कस्तो राम्रो ।

(नेरेटर) हो धेरै राम्रो कुरा हो यो । परमेश्वर असल हुनुहुन्छ । उहाँले हामी सबैलाई प्रेम गर्नु हुन्छ । उहाँको प्रेम माहान छ । जस्ले हामीलाई असल बनाउँन सिकाउँछ । हामीलाई परिवर्तन पनि गर्न सक्दछ ।